**" मीठे बच्चे – मानिसहरू शरीरको उन्नतिको प्रबन्ध गर्छन् । आत्माको चढ़ती वा उन्नतिको साधन त बाबाले नै बताउ नु हु न्छ , यो बाबाको नै जिम्मेवारी हो । "**

**प्रश्नः–** सदा बच्चाहरूको उन्नति भइरहोस्, त्यसको लागि बाबाले कुनचाहिँ श्रीमत दिनु हुन्छ?

**उत्तरः–** प्यारा बच्चाहरू! आफ्नो उन्नतिको लागि १– सदा यादको यात्रामा रहने गर। यादद्वारा नै आत्माको खिया निस्कन्छ। २– कहिल्यै पनि बितेकोलाई याद नगर। पछिको लागि कुनै आशा नराख। ३– ठिक छ, शरीर निर्वाहको लागि कर्म गर तर जति पनि समय मिल्छ त्यो व्यर्थ नगुमाऊ, बाबाको यादमा समय सफल गर। ४– कम से कम ८ घण्टा ईश्वरीय सेवा गर्यौ भने तिम्रो उन्नति भइरहन्छ।

**ओम् शान्ति ।** रूहानी बाबा बसेर रूहानी बच्चाहरूलाई अथवा आत्माहरूलाई सम्झाउनु हुन्छ। मानिसहरूले भन्दछन्– परमात्माको जिम्मेवारी छ आत्माहरूप्रति। उहाँले नै आत्माहरूको उन्नति र मनको शान्तिको मार्ग बताउन सक्नुहुन्छ। आत्मा रहन्छ भृकुटीमा सबै भन्दा अलग। प्राय: रोग शरीरमा हुन्छ। यहाँ भृकुटीमा हुँदैन। हुन त दुखाइ शिरमा हुन्छ तर जहाँ आत्माको तख्त छ त्यहाँ कुनै अप्ठ्यारो हुँदैन किनकि त्यस तख्तमा आत्मा विराजमान छ। अब आत्मालाई उन्नति अथवा शान्ति दिनेवाला सर्जन त एकै परमात्मा हुनु हुन्छ। जब आत्माको उन्नति हुन्छ तब आत्मालाई स्वास्थ्य र सम्पत्ति पनि मिल्छ। शरीरलाई त जति गरे पनि त्यसबाट कुनै उन्नति हुँदैन। शरीरमा केही न केही खिटपिट त रहन्छ नै। आत्माको उन्नति त बाबा सिवाय कसैले गर्न सक्दैन। अरू सबै दुनियाँमा शरीरको उन्नतिको प्रबन्ध रच्छन्, त्यसबाट आत्माको चढ़ती कला वा उन्नति हुँदैन। त्यो त बाबाले नै सिकाउनु हुन्छ। सारा आधार आत्मामा छ। आत्मा नै १६ कला बन्छ फेरि आत्मा नै बिलकुल कलारहित हुन्छ। १६ कला बन्छ फेरि कम कसरी हुन्छ, यो पनि बाबाले नै सम्झाउनु हुन्छ। बाबा भन्नुहुन्छ– सत्ययुगमा तिमीलाई धेरै सुख थियो। आत्मा चढ़ती कलामा थियो। अन्य सत्सङ्गहरूमा आत्माको उन्नति कसरी हुन्छ– यो कुरा सम्झाइँदैन। उनीहरू जिस्मानी नशामा रहन्छन्। देह-अभिमान छ, बाबा तिमीलाई देही-अभिमानी बनाउनु हुन्छ। आत्मा जो तमोप्रधान बनेको छ त्यसलाई सतोप्रधान बनाउनु छ। यहाँ सबै छन् रूहानी कुरा। त्यहाँ छन् जिस्मानी कुरा। सर्जनहरूले एउटा मुटु निकालेर अर्को राख्छन्। उनलाई आत्मा सँग कुनै सम्बन्ध रहँदैन। आत्मा त भृकुटीमा रहन्छ, उसको अपरेसन आदि केही हुँदैन।

बाबा सम्झाउनु हुन्छ– आत्माको उन्नति त एकै पटक हुन्छ। आत्मा जब तमोप्रधान हुन्छ तब आत्माको उन्नति गर्नेवाला बाबा आउनु हुन्छ। उहाँ विना कुनै पनि आत्माको चढ़ती कला हुन सक्दैन। बाबा भन्नुहुन्छ– यी छी-छी, तमोप्रधान आत्माहरू मेरो पासमा आउन सक्दैनन्। तिम्रो पासमा जब कोही आउँछन् भने भन्छन्– शान्ति कसरी मिल्छ अथवा उन्नति कसरी हुन्छ? तर यो जान्दैनन्– उन्नति भएपछि हामी कहाँ जान्छौं, के हुन्छ? पुकार्छन्– पतितबाट पावन बनाउनुहोस्। जीवनमुक्तिधाममा लिएर जानुहोस्। त्यसैले आत्माहरूलाई नै लिएर जानु हुन्छ। शरीर त यहीँ खत्तम हुन्छ। तर यी कुरा कसैको बुद्धिमा छैन। यो हो ईश्वरीय मत। बाँकी ती सबै हुन् मानव मत। ईश्वरीय मतबाट एकदम आकाशमा चढ्छौ– शान्तिधाम, सुखधाममा। फेरि ड्रामा अनुसार तल पनि उत्रिनु नै छ। आत्माको उन्नतिको लागि बाबा सिवाय अरू कोही सर्जन छैन। सर्जनले फेरि तिमीलाई आफू समान बनाउनु हुन्छ। कसैले त धेरैको राम्रो उन्नति गर्छन्, कसैले मध्यम, कसैले तेस्रो दर्जामा अरूको उन्नति गर्छन्। आत्माहरूको उन्नतिको जिम्मेवारी हो नै एक बाबाको। दुनियाँमा यो कसैलाई थाहा छैन। बाबा भन्नुहुन्छ– यी साधु आदिको पनि उद्धार गर्न म आउँछु। जब आत्मा पहिले आउँछ तब पवित्र नै आउँछ। अब बाबा आउनु भएको छ सबैको उन्नति गर्न। नम्बरवार पुरुषार्थ अनुसार तिम्रो हेर कति उन्नति हुन्छ। त्यहाँ तिमीहरूलाई शरीर पनि फस्टक्लास मिल्छ। बाबा हुनु हुन्छ नै अविनाशी सर्जन। उहाँ नै आएर तिम्रो उन्नति गर्नुहुन्छ। त्यसैले तिमी उच्च भन्दा उच्च आफ्नो स्वीट होममा जान्छौ। उनीहरू चन्द्रमामा जान्छन्। अविनाशी सर्जन तिमीलाई उन्नति गराउनको लागि भन्नुहुन्छ– म एकलाई याद गर्यौ भने विकर्म विनाश हुन्छ। बाबा विश्वका बच्चाहरूलाई मुक्त गर्नुहुन्छ। जब तिमीहरू स्वर्गमा जान्छौ तब सबै शान्तिधाममा हुन्छन्। बाबा कति अनौठो कार्य गर्नुहुन्छ। बाबाको कमाल छ। त्यसैले भनिन्छ– तुम्हारी गत मत तिमीलाई नै थाहा छ। आत्मामा नै मत छ, आत्मा अलग

भयो भने मत मिल्न सक्दैन। ईश्वरीय मतबाट चढ्ती कला, मानव मतबाट उतरती कला, यो पनि ड्रामामा निश्चित छ। उनीहरू सम्झन्छन्– अहिले स्वर्ग बनेको छ। पछि गएर थाहा हुन्छ– यो नर्क हो वा स्वर्ग। भाषाको विषयमा कति हंगामा गर्छन्। दु:खी छन् नि। स्वर्गमा दु:ख हुँदैन। भूकम्प पनि हुँदैन। अब पुरानो दुनियाँको विनाश हुनु छ फेरि स्वर्ग बन्छ। फेरि आधाकल्प त्यो पनि हराएर जान्छ। भन्छन्– द्वारिका सागरको तल गयो। सुनका चीजहरू तल दबेका छन्। त्यसो त अवश्य भूकम्प हुँदा तल जान्छन्। कहाँ समुद्रलाई खनेर निकालिन्छ र? धर्तीलाई खन्छन्, त्यहाँबाट माल निकाल्छन्।

बाबा भन्नुहुन्छ– मैले सबैको उपकार गर्छु। सबैले फेरि मेरो अपकार गर्छन्, गाली गर्छन्। म त अपकारीलाई पनि उपकार गर्छु, त्यसैले मेरो अवश्य महिमा हुनु पर्ने हो। भक्तिमार्गमा हेर कति मान छ। तिमी बच्चाहरू पनि बाबाको कति महिमा गर्छौ। चित्रमा ३२ गुण देखाइएको छ। अहिले तिमी पनि बाबा जस्तै गुणवान् बनिरहेका छौ। त्यसैले कति पुरुषार्थ गर्नु पर्छ। समय खेर फाल्नु हुँदैन। धेरै उँच बाबाले पढाउनु हुन्छ त्यसैले सधैं अवश्य पढ्नु पर्छ। उहाँ अविनाशी बाबा पनि हुनु हुन्छ, शिक्षक पनि हुनु हुन्छ। पछि आउनेहरू पुरानाहरू भन्दा पनि अगाडि गइरहेका छन्। अहिले सारा दुनियाँको उन्नति भइरहेको छ– बाबाद्वारा। श्रीकृष्णलाई पनि गुणवान् बनाउनेवाला बाबा हुनु हुन्छ, सबैलाई दिनेवाला हुनु हुन्छ। बाँकी सबैले लिन्छन्। यो घराना बनिरहेको छ, नम्बरवार पुरुषार्थ अनुसार। बेहदका बाबालाई हेर कति मीठा र कति प्यारा हुनु हुन्छ। उच्च भन्दा उच्च बाबाद्वारा अहिले सबैको उन्नति भइरहेको छ। बाँकी त सबैलाई सिँढी उत्रिनु छ। कमाल छ बाबाको। खाँदा पिउँदा सबैकुरा गर्दा केवल बाबाको गुण गाऊ। यस्तो होइन, बाबाको यादमा रहेर खान सकिदैन। रातमा फुर्सद धेरै मिल्छ। ८ घण्टा त फुर्सद हुन्छ। बाबा भन्नुहुन्छ– कम से कम ८ घण्टा यो सरकारको सेवा गर। जति पनि आउँछन् उनीहरूलाई आत्माको उन्नतिको लागि मार्ग बताऊ। जीवनमुक्ति मतलब विश्वको मालिक र मुक्ति मतलब ब्रह्माण्डको मालिक। यो बुझाउन त सजिलो छ नि। तर तकदिरमा छैन भने तदबीरले (प्रयासले) के गर्न सक्छ र!

बाबा सम्झाउनु हुन्छ– बाबाको याद सिवाय आत्माको खिया निस्कन सक्दैन। ज्ञान दिनभर सुनाए पनि आत्माको उन्नतिको उपाय याद सिवाय अरू केही छैन। बाबा बच्चाहरूलाई धेरै प्यार सँग सधैं सम्झाउनु हुन्छ तर आफ्नो उन्नति गर्छन् वा गर्दैनन्, त्यो हर एकले आफैं बुझ्न सक्छन्। यो केवल तिमी सुन्दैनौ, सबै सेन्टरका बच्चाहरूले सुन्छन्। यो टेप राखिएको छ। यो पनि आफूमा आवाज भरेर सेवामा जान्छ। यसले धेरै सेवा दिन्छ। बच्चाहरूले सम्झन्छन्– हामी शिवबाबाको मुरली सुन्छौं। तिमीहरूद्वारा सुन्दा अप्रत्यक्ष हुन पुग्छ। फेरि यहाँ आउँछन् प्रत्यक्ष सुन्नको लागि। फेरि बाबा ब्रह्मा मुखद्वारा सुनाउनु हुन्छ अथवा मुखद्वारा ज्ञान अमृत दिनु हुन्छ। अहिले दुनियाँ तमोप्रधान बनेको छ। त्यसैले यसमा ज्ञानको वर्षा चाहिएको छ। त्यो पानीको वर्षा त धेरै हुन्छ। त्यस पानीबाट कोही पावन बन्न सक्दैन। यी हुन् सारा ज्ञानका कुरा।

बाबा भन्नुहुन्छ– अब जाग, म तिमीलाई शान्तिधाम लिएर जानेछु। आत्माको उन्नति पनि यसमा छ, बाँकी सबै हुन् जिस्मानी कुरा। रूहानी कुरा केवल तिमीहरूले नै सुन्छौ। पदमपति, भाग्यशाली केवल तिमीहरू नै बन्छौ। बाबा हुनु हुन्छ गरिब निवाज। गरिबले नै सुन्छन्, त्यसैले बाबा भन्नुहुन्छ– अहिल्याहरू, गणिकाहरूलाई (वेश्याहरूलाई) पनि सम्झाऊ। सत्ययुगमा यस्ता कुरा हुँदैनन्। त्यो हो बेहदको शिवालय। अहिले छ बेहदको वेश्यालय, बिलकुलै तमोप्रधान छ। यसमा धेरै मार्जिन छैन। अब यस पतित दुनियाँलाई परिवर्तन हुनु छ। भारतवर्षमा रामराज्य र रावण राज्य हुन्छ। जब अनेक धर्म हुन्छन् तब अशान्ति हुन जान्छ। लडाईं त हुन्छ। अब त धेरै जोड सँग लडाईं हुन्छ। कडा लडाईं भएर फेरि बन्द हुन्छ किनकि राजाई पनि स्थापना हुनु छ, कर्मातीत अवस्था पनि हुनु छ। अहिले त कसैले भन्न सक्दैन। त्यो अवस्था आएपछि पढाइ पूरा हुन्छ। फेरि ट्रान्सफर हुन्छौ, आ-आफ्नो पुरुषार्थ अनुसार। यस संसारलाई आगो त लाग्नु छ। फटाफट विनाश हुन्छ। त्यसलाई अनाहकमा रगतको खेल भनिन्छ। व्यर्थैमा सबै मर्नेछन्। रगतका नदी बग्नेछन्। फेरि घिउ-दूधका नदी बग्नेछन्। हाहाकारबाट जयजयकार हुन्छ। बाँकी सबै अज्ञान निद्रामा सुत्दा-सुत्दै खत्तम हुन्छन्। ठूलो युक्तिले स्थापना हुन्छ। विघ्न पनि पर्ने छन्, अत्याचार पनि हुन्छन्। अब माताहरूद्वारा स्वर्गको द्वार खुल्छ। पुरुष पनि धेरै छन् तर माताले जन्म दिन्छन् त्यसैले उनीहरूलाई पुरुषलाई भन्दा धेरै इनाम मिल्छ। स्वर्गमा त नम्बरवार सबै जान्छन्। कसैको दुई जन्म पुरुषको पनि हुन सक्छ, ड्रामामा जो हिसाब-किताब निश्चित छ त्यही हुन्छ। आत्माको उन्नति हुनाले कति फरक पर्न जान्छ। कोही त बिलकुल उच्च बन्छन्, कोही बिलकुल निम्न। कहाँ

राजा, कहाँ प्रजा। मीठा-प्यारा बच्चाहरूलाई बाबा सम्झाउनु हुन्छ, अब पुरुषार्थ गर। योगद्वारा पवित्र बन तब धारणा हुन्छ। लक्ष्य धेरै उच्च छ। आफूलाई आत्मा सम्झिएर धेरै प्यार सँग बाबालाई याद गर्नु छ। आत्माको परमात्माको साथ प्रेम छ नि। यो हो रूहानी प्रेम, जसद्वारा आत्माको उन्नति हुन्छ। शारीरिक प्रेमले गिराउँछ। तकदिरमा छैन भने भागन्ती हुन्छन्। यज्ञको बडो सम्हाल गर्नु पर्छ। माताहरूको पाई-पाईले यज्ञको सेवा भइरहेको छ। यहाँ गरिब नै धनवान् बन्छन्। सारा आधार पढाइमा छ। तिमीहरू अहिले सदा सौभाग्यवती (सुहागिन) बन्छौ, यो सबैलाई महसुस हुन्छ। मालाको दाना बन्नेहरूलाई कति धेरै फिलिङ्ग आउनु पर्छ। शिवबाबाको याद गर्दै, सेवा गर्दै रह्यौ भने धेरै उन्नति हुन सक्छ। शिवबाबाको सेवामा शरीर पनि अर्पण गर्नु पर्छ। सारा दिन नशा रहोस्– यो सामान्य कुरा (सानी माँको घर) होइन। हेर्नु छ, मैले आफ्नो उन्नति कति गरेको छु? बाबा भन्नुहुन्छ– बितेको कुरालाई याद नगर। पछिको लागि कुनै आशा नराख। शरीर निर्वाह अर्थ कर्म त गर्नु छ। जति टाइम मिल्छ त्यसमा बाबालाई याद गर्यौ भने विकर्म विनाश हुन्छ। बाबा बाँधेलीहरूलाई पनि सम्झाउनु हुन्छ– तिमीले पतिलाई धेरै नम्रता र प्यार सँग सम्झाउनु छ, कसैले पिट्यो भने उसलाई फूलको वर्षा गर। आफूलाई बचाउने बडो युक्ति चाहिन्छ। आँखा धेरै शीतल हुनु पर्छ। कहिल्यै चंचल नहोस्। यसमा अंगदको पनि उदाहरण छ, बिलकुल अडोल थिए। तिमी सबै महावीर हौ, जति पनि बित्यो त्यसलाई याद गर्नु छैन। सदैव हर्षित रहनु छ। ड्रामामा अटल रहनु छ। बाबा स्वयं भन्नुहुन्छ– म पनि ड्रामाको बन्धनमा बाँधिएको छु। बाँकी अरू कुनै कुरा छैन। कृष्णको लागि लेखिएको छ स्वदर्शन चक्रले मारे। यी सबै कथा हुन्। बाबाले त हिंसा गर्न सक्नु हुन्न। यहाँ बाबा शिक्षक हुनु हुन्छ, मार्ने कुरा छैन। यी कुरा सबै अहिलेका हुन्। एकातिर धेरै मनुष्य छन् अर्कोतिर तिमी छौ, जो आउनु छ आइरहन्छन्। कल्प पहिला जस्तै पद पाउँदै रहन्छन्। यसमा चमत्कारको कुरा छैन। बाबा रहमदिल हुनु हुन्छ, दु:ख हर्ता, सुख कर्ता हुनु हुन्छ, फेरि दु:ख कसरी दिनु हुन्छ? अच्छा–

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) कमसे कम ८ घण्टा ईश्वरीय सरकारको सेवा गरेर आफ्नो समय सफल गर्नु छ। बाबा समान गुणवान् बन्नु छ।

२) जे बित्यो त्यसलाई याद गर्नु छैन। बितेकोलाई बितिसक्यो भन्ने सम्झेर सदैव हर्षित रहनु छ। ड्रामामा अडोल रहनु छ।

**वरदानः–** निश्च ित विजयको नशामा रहेर बाबाको पद्म गुणा मदत प्राप्त गर्ने मायाजित भव

बाबाको पद्मगुणा मदतको पात्र बच्चाले मायाको आक्रमणलाई चुनौती दिन्छन्– तिम्रो काम हो आउनु र हाम्रो काम हो विजय प्राप्त गर्नु। उनीहरूले मायाको सिंह रूपलाई कमिला सम्झन्छन् किनकि जान्दछन्– यो मायाको राज्य अब समाप्त हुनु छ, हामी अनेक पटकका विजयी आत्माहरूको विजय १०० प्रतिशत निश्चित छ। यो निश्चितको नशाले बाबाको पद्मगुणा मदतको अधिकार प्राप्त गराउँछ। यस नशाद्वारा सहजै मायाजित बन्छौ।

**स्लोगनः–** संकल्प शक्तिलाई जम्मा गरेर स्वयं प्रति वा विश्व प्रति यसको प्रयोग गर।

**ब्रह्मा बाबा समान बन्नको लागि विशेष पुरुषार्थः –**

ब्रह्मा बाबा समान तिम्रो यस नयनले रूहानियतको अनुभव गराओस्, चलनले बाबाको चरित्रको साक्षात्कार गराओस्, मस्तकले मस्तकमणीको साक्षात्कार गराओस्। यस अव्यक्ति चेहराले दिव्य, अलौकिक स्थितिको प्रत्यक्ष रूप देखाओस्। यसको लागि आफ्नो अन्तर्मुखी, अलौकिक वा रूहानी स्थितिमा सदाकाल रहने अभ्यास गर।